# DECOLONISATION OF AID IS URGENT FOR EQUALITY AND ECONOMIC JUSTICE

**INTRODUCTION:**

The World Social Forum (WSF) is a civil society forum to speak out and challenge the existing neoliberalism and hegemonic globalisation that has historically perpetuated poverty, inequality, and injustice. It offers collaboration, and people's struggles across the globe to submerge, collaborate and extend solidarity with each other for equality, peace, and justice. It is also a forum where not only are frustrations and waves of anger demonstrated, but they popularise the alternatives for alter-globalization that promote the counter-narratives towards building 'Another World' free from poverty, inequality, war, exploitation, and injustice. The WSF 2024 is taking place in Kathmandu, Nepal from 15 to 19 Feb 2024 where many forums like Intercontinental Youth Forum are going to be organised.

## AID POLITICS AND CONSEQUENCES:

- The regressive conditionalities of foreign loans from international financial institutions like the IMF, World Bank, and ADB have a significant negative impact on the budgets of developing countries in the Global South. A large part of the budget is allocated for repaying debts, leaving less funding for essential public services such as education, health, agriculture, and social protection. The rising debt - in low and middle-income countries puts pressure on them to reduce public sector wages, affecting the quality of services like education and healthcare. This, in turn, has prompted a rapid increase in the privatisation of public services leading to violations of basic human rights in these countries.

- The decreasing trend of official development assistance (ODA) in low-income (LIC) countries further limits socio-economic development in these nations.

- ActionAid has undertaken various studies and research as evidence to scale up the agenda of fair and just distribution of aid and the need of tax system reform. ActionAid Nepal is actively engaged in assessing the fiscal policy and programme status to raise the agenda of foreign aid effectiveness especially their impact on public sector wage bills.

- ActionAid has published a report named 50 Years of Failure, the IMF, Debts and Austerity in Africa (Oct. 2023) which also provides the facts of power over to the least developed countries by the International Financial Institutions (IFIs).

- ActionAid along with the larger CSOs also facilitates public forums to initiate debate around the agenda of underfinancing of public services and its nexus to a fair tax system bringing diverse stakeholders e.g., policy influencers, lawmakers, academicians, government counterparts and civil society leaders.

In this backdrop, ActionAid Nepal in collaboration with partners, alliances and movements will organise a series of events during the WSF 2024 to amplify people's voices against neo-colonization and debt crisis and around the agenda of decolonisation of aid.

## EXPECTED OUTCOME OF THIS EVENT:

- Offer a common platform to share experiences and struggles' stories around the agenda of Decolonization of Aid in the Global South and connect among various actors/activists to speak / oppose on these issues.

- Dissemination of findings/recommendations of different studies and research reports on foreign aid and debt politics to popularize and alter the globalisation narrative in aid and debt.

- Strengthen global solidarity among the people's struggles and voices from the different corners of the world especially from the global south on economic justice.

## PLANNED ACTIVITIES:

- Mass mobilisation- Youth artistically led rallies/demonstrations.

- Panel discussion and possible invitees from Africa, East & South Asia on decolonising the Aid politics - unfair/regressive conditionality of aid, decreasing share of ODA targeting Global South. (Story sharing is a part of this section).

- Production and dissemination of research findings of the study on Foreign Aid Effectiveness, 50 Years Failure- The IMF, Debt and Austerity in Africa and including Education Financing and Tax system.

- Booth setup for dissemination of IEC

- Media Engagement

## OUR DEMANDS / OPPOSE & OBJECTIONS:

- Eliminate Privatization of Public Services – education and health
- We demand debt free life in south globe.
- No more debt crisis in the Global South
- Stop! External Debt Distress in the Global South
- No Austerity in public service wage bill
- We strongly boycott regressive conditionality of debt.
- We demand a progressive economic model.
- We demand progressive taxation.
- Lower the indirect tax, higher the direct tax.
- Enough is enough, the South cannot pay back unjust interest.
- We demand the cancellation of unjust debt.

## ANOTHER WORLD IS POSSIBLE

**DATE OF THE EVENT:**

18th Feb 2023 (Sunday) from 9:00-11.30 A.M.

# समानता र आर्थिक न्यायको लागि वैदेशिक सहायतामा उपनिवेशीकरणको अन्त्य अत्यावश्यक छ

## परिचय

विश्व सामाजिक मञ्च ऐतिहासिक रुपमा गरिबी, असमानता र अन्यायलाई निरन्तरता दिने विद्यमान नवउदारवाद र आधिपत्यवादी विश्वव्यापीकरण विरुद्ध संगठित आवाज र चुनौती दिनको लागि एक वैश्यविक नागरिक समाजको विशाल जमघट हुने अवसर हो। यस मञ्चले समानता र न्यायसहितको विश्व शान्तिका लागि विश्वभरमा संघर्षरत समुदाय र संगठनहरुवीच बृहत् ऐक्यबद्धता विस्तार गर्न र न्यायको आवाज बुलन्द पार्ने अवसर सिर्जना गर्दछ। यो एउटा त्यस्तो विश्व जमघट हो, जहाँ निराशा र क्रोधका तरंगहरु मात्र प्रदर्शन हुँदैनन्, बरु त्यहाँ गरिबी, सबै प्रकारका असमानता, मानव अधिकारको जघन्य अपराध उल्लघंनका घटनाहरु, शक्ति राष्ट्रहरुबाट हुने थिचोमिचो, युद्ध, शोषण र अन्यायबाट मुक्त "अर्को विश्व निर्माण सम्भव छ"भन्ने भाष्यलाई स्थापित गर्ने मानव र प्रकृतिमैत्री विकल्पहरुबारे चर्चा गरिन्छ। यसपाली विश्व सामाजिक मञ्च १५ देखि १९ फेब्रुअरी २०२४ (३ देखि ७ फाल्गुन २०८०) सम्म काठमाडौं, नेपालमा आयोजना हुँदैछ, जहाँ अन्तरमहादेशीय युवा मञ्च लगायतका धेरै मञ्चहरु आयोजना हुँदैछन्। हामी नेपालीहरु संसारभरबाट न्याय, समानता र विश्व शान्तिको आवाज बोकी आउने अभियानकर्मीहरुलाई स्वागत गर्न र उहाँहरुका आवाजमा आवाज मिलाउन आतुर छौं।

यस अवसरमा एक्सनएड नेपालले विभिन्न नागरिक संस्थाहरु र साझेदार संस्थाहरुसँगको सहकार्यमा केही साझा मुद्दाहरुमा छलफल अगाडि बढाउँदैछ। त्यसमा वैदेशिक सहायतामा उपनिवेशीकरण अन्त्यको विषय एक हो।

## वैदेशिक सहायताको राजनीति तथा प्रभावहरु:

- अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र एसियाली विकास बैंकजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट विदेशी ऋणको प्रतिगामी शर्तहरुले दक्षिणी गोलार्धका विकासशील राष्ट्रहरुको बजेटमा अत्यन्त नकारात्मक प्रभाव पारिरहेको छ। राष्ट्रिय आयको ठूलो हिस्सा वैदेशिक ऋणको साँवाब्याज तिर्नका लागि विनियोजन गर्नुपर्दा आधारभूत सार्वजनिक सेवाहरु (शिक्षा, स्वास्थ्य, कृषि र सामाजिक सुरक्षा) जस्ता सार्वजनिक सेवामा गरिनुपर्ने अत्यावश्यक लगानीमा कटौती गर्नु परिरहेको छ। बढ्दो वैदेशिक प्रतिगामी ऋण तथा हस्तक्षेपका कारण निम्न तथा मध्यम आय भएका देशहरुमा उनीहरुले सुनिश्चित गर्नुपर्ने गुणस्तरीय सार्वजनिक सेवाको लागि आवश्यक लगानी घटाउन बाध्यात्मक तनाव तथा दबाव झेल्नुपर्ने अवस्था आइरहेको छ। आम नागरिकको अत्यावश्यक सेवाहरुको उपलब्धता, पहुँच र गुणस्तरमा समेत नकारात्मक असर पारिरहेको छ र गुणस्तरीय सार्वजनिक सेवा प्राप्त गर्न पाउनुपर्ने नागरिकको अधिकारलाई कुण्ठित गर्दैछ। यसले सार्वजनिक सेवाहरुको निजीकरणलाई तीव्र बनाइरहेको छ भने धनी र गरिबबीचको असमानताको दूरीलाई अझ गहिरो बनाउँदैछ।
- न्यून आय भएका देशहरुमा आधिकारिक विकास सहायताको घट्दो प्रवृत्ति र ऋणको बढ्दो भारले यस्ता राष्ट्रहरुमा समावेशी सामाजिक तथा आर्थिक विकासलाई थप संकुचित पार्दैछ।
- एक्सनएडले वैदेशिक सहायताको निष्पक्ष र न्यायोचित वितरणको सवाल र कर प्रणाली सुधारको आवश्यकतालाई विश्लेषण गर्न प्रमाणको रुपमा विभिन्न अध्ययन र अनुसन्धान प्रतिवेदनहरु सार्वजनिक गरेको छ। साथै, एक्सनएड नेपालले वैदेशिक सहायताको प्रभावकारिता नामक अध्ययन प्रतिवेदनमार्फत् वैदेशिक ऋण र सहायता सम्बन्धी सवालहरुलाई बाहिर ल्याएको छ र ऋणको साँवाब्याज भुक्तानीको भार बढ्दै जाँदा सार्वजनिक सेवामा नकारात्मक प्रभाव पर्ने अवस्थाबारे सचेत गराएको छ।
- एक्सनएडले अक्टोबर, २०२३ प्रकाशित गरेको अफ्रिकामा असफलताका ५० वर्ष : अन्तर्राष्ट्रिय मुद्रा कोष, ऋण र प्रतिबन्ध नामक अध्ययन प्रतिवेदनले अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुद्वारा अतिकम विकसित देशहरुमा शक्ति राष्ट्रहरुको प्रतिगामी शर्त तथा तथ्यहरुलाई उजागर गरेको छ।
- एक्सनएडले विश्वका अग्रणी नागरिक समाज सँगसँगै सार्वजनिक सेवाहरुका न्यून वित्त पोषणको सवाल र यसको गहिरो सम्बन्धमा विभिन्न सरोकारवालाहरु जस्तै- नीति निर्माता, जनप्रतिनिधि, शिक्षाविद्, सम्बन्धित सरकारी निकायहरु र नागरिक समाजका अगुवाहरुलाई निष्पक्ष तथा प्रगतिशील कर प्रणाली तथा कर न्यायको सवालमा बृहत् छलफल र बहस गर्न सार्वजनिक मञ्चहरुको आयोजना र सहजीकरण गर्दै आएको छ।

यसै सन्दर्भ र पृष्ठभूमिमा, एक्सनएड नेपालले विभिन्न साझेदारहरु, सञ्जालहरु तथा सामाजिक आन्दोलनहरुसँगको सहकार्यमा विश्व सामाजिक मञ्च २०२४ को अवसरमा नव औपनिवेशीकरण, ऋण संकटविरुद्ध तथा वैदेशिक सहायताको उपनिवेशीकरणको सवालको वरिपरि नागरिकको आवाजलाई बल पुऱ्याउन विभिन्न कार्यक्रम तथा पहलहरुको आयोजना गर्दैछ।

## यस कार्यक्रम तथा पहलको अपेक्षित नतिजा :

- विशेषत: विश्वका दक्षिणी राष्ट्रहरुमा वैदेशिक सहायताको उपनिवेशीकरणका कारण प्रभावितहरुको अनुभव र संघर्षका कथाहरु सुन्न-सुनाउन र यस्ता मुद्दामा सिर्जित आक्रोश तथा विकल्पका आवाजहरुलाई स्थान दिन साझा मञ्च सिर्जना गर्ने ।
- वर्तमान आधिपत्यकारी भूमण्डलीकरणले पोषित गरेको वैदेशिक ऋण र सहायता सम्बन्धी भाष्यलाई चुनौती दिन वैदेशिक ऋण सहायताका सन्दर्भमा उठेका न्यायपूर्ण मागहरुलाई बल पुऱ्याउने विभिन्न अध्ययन प्रतिवेदनहरु सार्वजनिक गर्ने ।
- आर्थिक न्यायका लागि विश्वका विभिन्न देशहरुबाट विशेषगरी विश्वको दक्षिणी गोलार्धका नागरिकहरुका संघर्ष र आवाजहरुबीच साझा बुझाइ र बलियो ऐक्यबद्धता निर्माण गर्ने ।

## योजना गरिएको क्रियाकलाप:

- स्वयंसेवी युवाहरुको अगुवाइमा कलात्मक ऱ्याली, विरोध प्रदर्शन तथा जन परिचालन
- विभिन्न देशका सहभागीहरु (अफ्रिका, पूर्वी र दक्षिण एसिया, अरब) बीच वैदेशिक सहायताको उपनिवेशीकरणको राजनीति विषयक प्यानल छलफल । विशेषगरी अन्तर्राष्ट्रिय वित्तीय सहायताको अन्यायपूर्ण/प्रतिगामी शर्त, आधिकारिक विकास सहायताको घट्दो साझेदारी लगायतको विषयमा केन्द्रित ।
- हालै अध्ययन गरिएको वैदेशिक सहायताको प्रभावकारिता, अफ्रिकामा असफलताका ५० वर्ष: अन्तर्राष्ट्रिय मुद्रा कोष, ऋण र प्रतिबन्धलगायत सार्वजनिक शिक्षामा लगानी र प्रगतिशील कर प्रणाली विषयक विभिन्न अध्ययन र अनुसन्धान निष्कर्षहरुको प्रचारप्रसार सामग्री निर्माण र व्यापक वितरण ।
- विभिन्न प्रचारप्रसार सामग्री वितरणका लागि बुथको व्यवस्थापन ।
- न्यायका आवाजहरुलाई व्यापक बनाउन विभिन्न सञ्चार कार्य ।

### कार्यक्रमको समय

यो कार्यक्रमको प्यानल छलफल १८ फेब्रुअरी २०२४, आइतबार बिहान ९:०० देखि ११:३० बजे हुनेछ ।

## हाम्रा माग, विरोध र आपत्तिहरु:

- शिक्षा र स्वास्थ्य जस्ता सार्वजनिक सेवाहरुको निजीकरण अन्त्य गर !!!
- हामी दक्षिणी विश्वका मान्छेहरुको ऋणमुक्त जीवनको माग गर्छौं !!!
- दक्षिणी विश्वमा ऋणको भार बन्द गर !!!
- दक्षिणी मुलुकमा बाह्य ऋणबाट सिर्जना गरिने संकट अन्त्य गर !!!
- न्यून तथा मध्यम आय भएका देशहरुमा सार्वजनिक सेवामा लगानी कटौतीको हस्तक्षेप बन्द गर !!!
- वैदेशिक ऋणको प्रतिगामी शर्तहरु कडाइका साथ बहिष्कार गर्छौं !!!
- प्रगतिशील आर्थिक मोडेल लागु गर !!!
- हामी प्रगतिशील कर प्रणाली माग गर्दछौं !!!
- हामी अप्रत्यक्ष कर कम र प्रत्यक्ष कर बृद्धिको पक्षधर हौं !!
- अब अति भयो ! दक्षिणी मुलुकले अन्यायपूर्ण ऋणको ब्याज फिर्ता गर्न सक्दैन !!!
- हामी अन्यायपूर्ण ऋण खारेज गर्न जोडदार माग गर्दछौं !!!

## HASHTAGS WE WILL BE USING FOR OUR IEC AND DEMANDS:

#PublicServicesForAll
#DebtFreeSouth
#EconomicJusticeNow
#EndAusterityMeasures
#GlobalSouthDevelopment
#FairEconomy
#PeopleOverProfits
#NoToPrivatizationOfPublicServices
#SocialJusticeEconomics
#TaxToRich
#BoycottDebtConditions
#EquitableDevelopment
#EducationForEveryone
#GlobalDebtRelief
#WageJustice
#IMFReform
#WBTransformation

## ANOTHER WORLD IS POSSIBLE


**COUNTRY OFFICE**

Apsara Marga, Lazimpat
Ward No. 3, Kathmandu, Nepal

P.O. Box. 6257

Tel.: +977(0)1 400 2177

Email: mail.nepal@actionaid.org

Website: nepal.actionaid.org/